# जोरायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रावतकट्टे, डोटी
## सुदूरपश्चिम प्रदेश, नेपाल

गाउँ कार्यपालिकाको कार्यालय जोरायल गाउँपालिका रावतकट्टे, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

**सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना !**

**(सूचना नं. ३७/२०८१-०८२, मिति: २०८१/१०/२९)**

जोरायल गाउँपालिका डोटी र च्यारिटी हेल्थ फाउन्डेसन नेपाल (CHFN) बीच भएको सम्झौता बमोजिम आँखा उपचारमा सबैको सहज पहुँचको लागि आँखा उपचार केन्द्रको स्थापना र संचालन गर्ने उद्देश्यले यस जोरायल गाउँपालिकामा स्थापना हुने आँखा उपचार केन्द्रको लागि तपसिल बमोजिमको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

**१. पदको विवरण:**

| क्र.सं. | विज्ञापन नं. | सेवा/समूह | पद | तह | संख्या |
|---|---|---|---|---|---|
| १ | ०६-२०८१/०८२ | स्वास्थ्य/विविध | नेत्र सहायक (OA) | सहायकस्तर पाँचौं | १ (एक) |
| २ | ०७-२०८१/०८२ | स्वास्थ्य/विविध | अप्टिकल डिस्पेन्सर | सहायकस्तर चौथो | १ (एक) |

**२. आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

- **नेत्र सहायक:** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नेत्र सहायकको परीक्षा उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको ।
- **अप्टिकल डिस्पेन्सर:** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह उत्तीर्ण गरी सीप सिकेको ।

**३. आवश्यक कागजात:** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको प्रमाणपत्रको प्रतिलिपिहरु:

- उमेदवारको व्यक्तिगत विवरण
- नेपाली नागरिकताको प्रमाणपत्र
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरु
- अनुभव खुल्ने प्रमाणपत्रहरु
- परिषदमा दर्ता प्रमाणपत्र
- २ प्रति पासपोर्ट आकारको फोटो

**४. परीक्षाको किसिम:** संक्षिप्त सूची प्रकाशन, लिखित परीक्षा र अन्तर्वार्ता ।

**५. उमेर हद:** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको ।

**६. दरखास्त दिने स्थान:** जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रावतकट्टे, डोटी ।

**७. दरखास्त दिने अन्तिम मिति:** २०८१।११।१३ गते कार्यालय समय भित्र ।

**८. तलब तथा सेवा सुविधा:** गाउँपालिकाले तोके बमोजिम ।

**९. दरखास्त दस्तुर: नेत्र सहायक: रु.७००।० र अप्टिकल डिस्पेन्सर: रु.५००।०** (कृषि विकास बैंक जोरायल शाखामा रहेको यस जोरायल गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०८२७१०१३४६८३६१०६ मा रकम जम्मा गरेको सक्कल भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ)

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

**नोट: दरखास्त फाराम र लिखित परीक्षाको पाठ्यक्रम यस कार्यालयबाट उपलब्ध हुनेछ । साथै यस कार्यालयको वेवसाइट** www.jorayalmun.gov.np **बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ । थप जानकारीको लागि मोवाइल नं. ९८५८४२७६५४ मा सम्पर्क गर्न सकिनेछ ।**